# भरतपुर उप-महानगरपालिका कार्यालय
भरतपुर, चितवन, नेपाल, स्था. २०३५
## BHARATPUR SUB-METROPOLITAN CITY OFFICE
Bharatpur, Chitwan, Nepal, Estd. 1979


प.सं. २०७२/०७३ प्र.शा. मिति: २०७३/२/७

च.नं. 28626

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
(नगरपालिका व्यवस्था शाखा)
सिंहदरवार , काठमाण्डौ ।

**विषय: वोर्ड वैठकको निर्णय पठाईएको ।**

यस भरतपुर उप-महानगरपालिकाको मिति २०७३/१/२९,३०,३१ र २०७३/२/६ गते वसेको वोर्ड वैठकबाट पारित निर्णयको छायाँप्रति पना ५ (पाँच) को थान १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।

**वोधार्थ:**
श्री सूचना शाखा,
भ.उ.म.न.पा.कार्यालय । (उक्त निर्णय न.पा. को वेभ साईडमा राख्नु हुन)

महेश बराल
कार्यकारी अधिकृत
कार्यकारी अधिकृत


056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / bmc@gmail.com, website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट उप-महानगरपालिका घोषणा मिति मङ्सिर १६, २०७१)


Scanned by CamScanner

आज मिति २०७३ साल वैशाख २५ गते बुधवारका दिन बिहान ९:०० बजे यस भरतपुर
उप-महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल ज्यू
को अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

वरिष्ठ इन्जिनियर श्री भरतकुमार आचार्य

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कँडेल

कानुन अधिकृत श्री खगेश्वर अधिकारी

सब इन्जिनियर श्री राम बाबु अर्याल

ना.सु. श्री तेजराज खनाल

निर्णय नं १.

यस भरतपुर उप-महानगरपालिकाको Tender Identification no. sub-
metro/mun/Bhr/W/NCB/14/071/072 सडक फेरि पुन: निर्माण वडा नं ४,६
सिमाना सडकको श्री रोयल बिल्डर्स प्रा.ली. भरतपुर, चितवन सँग मिति २०७२।४।१५
गते सँग कार्य सम्पन्न गर्ने गरि कार्यादेश दिइएकोमा निर्माण व्यवसायी बाट म्याद थपका
लागि निवेदन पेश भई उक्त कार्यको मिति २०७२।७।३० गते सँग म्याद थप गरिएकोमा ~~सो~~
हाल निर्माण व्यवसायी बाट नाकाबन्दी, इन्धन अभाव, ग्राभेल बन्द तथा निर्माण सामाग्री-
अभाव लगायतका काबु बाहिरको परिस्थितिको कारण म्याद भित्र काम सम्पन्न हुन नसके
को भनी मिति २०७३।१।३० गते सँग म्याद थप गर्न प्राविधिक पुष्ट्याई सहितको राय र
सुझाव प्राप्त भएकोले अन्तिम पटकको लागि सार्वजनीक खरिद ऐन, २०६३ को दफा ५६
को (२) बमोजिम मिति २०७३।१।३० गते सम्मको म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं २.

यस भरतपुर उप-महानगरपालिकाको Tender Identification no. Sub-metro
/mun/Bhr/NCB/18/071/072, Tender Notice no. 11/071/072 Black
Topped road, Drain and slab calvert construction (Ward no. 3,4,5)
सँग निर्माण सम्पन्न-
कार्यको लागि पशुपति निर्माण सेवा प्रा.ली. ले मिति २०७२।७।२५ सँग निर्माण सम्पन्न-
गर्ने कार्यादेश दिइएकोमा मिति २०७२।११।२५ गते सँग एक पटक म्याद थप भई निर्माण-
कार्य संचालन भै रहेको हाल पुन: मिति २०७३।३।१५ गते सँग म्याद थपको लागि नाका-
बन्दी, इन्धन अभाव, ग्राभेल बन्द तथा निर्माण सामाग्री अभाव लगायतका काबु बाहिर-
को परिस्थितिका कारण म्याद भित्र काम सम्पन्न हुन नसकेको भनि म्याद थप गर्ने प्राविधिक
पुष्ट्याई सहितको राय सुझाव प्राप्त भएकोले अन्तिम पटकको लागि सार्वजनिक-
खरिद ऐन, २०६३ को दफा ५६ को (२) बमोजिम मिति २०७३।३।१५ गते सँगको म्याद
थप गर्ने निर्णय गरियो।

Scanned by CamScanner

निर्णय नं ३.

यस भरतपुर उप-महानगरपालिका वडा नं २०, २१, २२ साविक गितानगर गा.वि.स. को कुमारबाग डेरी बाट सितामाई तर्फको सडक पिच निर्माण कार्यको लागि आ.व. ०७२/७३ को जगेडा कोष कार्यक्रम अन्तरगत रु ६०,००,०००/- अक्षरुपी साठी लाख मात्र विनियोजन भई ल.ई. तथा कार्यक्रम स्वीकृत समेत भएको तर उपभोक्ताहरुबाट जन सहभागीता रकम जम्मा हुन नसकेको कारण दर्साउदै, सोही क्षेत्रको (वडा नं २१ र २२) कुमारबाग डेरी चोक बाट पश्चिम चौक बजार तर्फको सडक पिच निर्माण गर्न माग गरि योजना संशोधनको लागि संयुक्त वडा-कार्यालय गितानगर बाट अनुरोध भै आएको र उक्त क्षेत्र उ.म.न.पा. को विस्तारीत क्षेत्र भएकोले, त्यस क्षेत्रमा विनियोजित बजेटको कार्यान्वयनमा ठुलो चासो र चिन्ता व्यक्त भएकोले संशोधित लागत अनुमान जम्मा रु. ५९,४०,१९४/५७ अक्षरुपी उनानसाठ्ठीलाख चालिस हजार एक सय चौरानब्बे पैसा सन्ताउन्न मात्र भएको हुँदा उक्त योजना संशोधन गरि पाउन / स्वीकृतिको लागि श्री संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

०७४/५/२३

Scanned by CamScanner

आज मिति २०६३ साल वैसाख ३० गते बिहिवारका दिन बिहान ९.० बजे यस भरतपुर उप-महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

वरिष्ठ इन्जिनियर श्री भरतकुमार आचार्य

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कँडेल

इन्जिनियर श्री कृष्ण बहादुर मल्ल ठकुरी

लेखापाल श्री सिता अधिकारी

ना.सु. श्री तेजराज खनाल

निर्णय नं १

यस भरतपुर उप-महानगरपालिका वडा नं ९ स्थीत जय नेपाल चोक बाट उत्तर-तर्फको सडक २१६ मिटर अति जीर्ण भई यातायात आवागमनमा अवरोध भएकोले आ.व. ०६३।६४ मा स्वीकृत भएको उक्त योजना यसै आ.व. ०६२।६३ मा संचालन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

आज मिति २०७३ साल वैशाख ३१ गते शुक्रबारका दिन बिहान ९.०० बजे यस भरतपुर उप-महानगर पालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल ज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

उपस्थिति

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीका राम कडेल

इन्जिनियर श्री बहादुर मल्ल ठकुरी

लेखापाल श्री सिता अधिकारी

ना.सु. श्री तेजराज खनाल

निर्णय नं १

यस भरतपुर उप-महानगरपालिका वडा नं १२ स्थीत रा.प्रा.वि. आनन्दपुर जाने बाटो सडक पिच निर्माण कार्यका लागी रु. १८,००,८५७।०१ अक्षरुपी अठार लाख आठ सय सन्ताउन्न पैसा एक मात्रको ल.ई. स्वीकृत भएकोमा उक्त सडकको २८५ मि. भित्र आनन्दपुर रा.प्रा.वि.को ३०.५ मि., एकातर्फ नहरको सार्वजनीक जग्गा १६ मि. र रामपुर सडकको २५ मि. गरि जम्मा ७१.५ मि. सडकको जन सहभागीता वापत जम्मा गर्नु पर्ने प्रति मिटर रु. १,२७८।४५ अक्षरुपी एक हजार दुई सय अठहत्तर पैसा पैतालीसका दरले जम्मा रु ९१,४०९।१७ अक्षरुपी एकानब्बे हजार चार सय नौ पैसा सत्र मात्र विद्यालय, सार्वजनीक सडक र नहर भएकोले उक्त रकम न.पा.को आन्तरीक स्रोत बाट खर्च गरी योजना संचालन गर्ने निर्णय गरियो।

निर्णय न.२

यस भरतपुर उप-महानगरपालिका कार्यालयले निम्न अनुसारको कार्यको लागि निर्धारित मिति भित्र दर्ता भएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्र सारभुत रूपमा प्रभावग्राही देखिएको मूल्यांकन समितिको निर्णय सहित प्रतिवेदन पेश भएकोमा सार्वजनीक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम स्विकृतका लागि छनौट गरी खरीद प्रकृयाको वाँकी कार्य अगाडी बढाउने निर्णय गरियो।

| क्र. स. | ठेक्का न. | बोलपत्रदाताको नाम र ठेगाना | बोलकबोल रकम (मुल्य अभिबृद्धी कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | Tender Notice No: 4\072\073, Tender Identification No: SubMetro\Bhr\W\NCB\08\072\073 Black Topped Road Re-Construction and Primix Carpeting Work Ward No.11\12 Border Road and Shuvalaxmi marga-12 | सोवर्ण-एन.डि जे.भि.चितवन | रू ४८,१०,६७२।४० अक्षरुपी अठचालीस लाख दश हजार छ सय बहत्तर र पैसा चालीस | |
| २ | Tender Notice No: 4\072\073, Tender Identification No: SubMetro\Bhr\W\NCB\07\072\073 Black Topped Road Re-Construction Ward No.5\6 Bishal Chowk Dharma Chowk Chanaga1+136 to 0+686 | प्राकृतिक/नताशा जे.भि. भरतपुर | रू ४७,२५,७४१।६० अक्षरुपी सतचालीस लाख पच्चीस हजार सात सय एकचालीस र पैसा साठी | |

Scanned by CamScanner

आज मिति २०६३ साल जेठ ६ गते बिहिवारका दिन बिहान ९.०० बजे यस भरतपुर उप-महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल-ज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कडेल

कानुन अधिकृत श्री खगेश्वर अधिकारी

इन्जिनियर श्री ईश्वरकुमार राज भण्डारी

इन्जिनियर श्री सूर्यप्रकाश लामा

ना. सु. श्री तेजराज खनाल

निर्णय नं. १

यस भरतपुर उप-महानगरपालिका वडा नं. ११ स्थित नयाँ किरण मा. वि. भोजाडले विद्यालयको नाममा रहेको साविक भरतपुर ८ ख कि. नं. ६५ ज. वि. ०-६-११ को जग्गामा २ (दुई) कोठा भवनको भुकम्प ~~सहित~~ प्रतिरोधी भवन निर्माण गर्न नक्सा पेश गरी नक्सा पास दस्तुर छुटको लागि प्राप्त पत्र अनुसार स्थानीय स्वायत्त शासन ऐन, २०५५ स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४६(१) बमोजिम नक्सा पास दस्तुर छुट दिने निर्णय गरियो ।

Scanned by CamScanner